# मुसिकोट राजपत्र

**मुसिकोट नगरपालिका द्वारा प्रकाशित**

**खण्ड ७) मुसिकोट,गुल्मी, श्रावण १५ गते,२०८० साल (संख्याः४**

# भाग-१

**मुसिकोट नगरपालिका,गुल्मी**

**मुसिकोट नगरपालिकाको शिक्षा ऐन,२०७४ को तेश्रो संसोधन २०८०**

प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया सम्बन्धि ऐन,२०७५ को दफा ३(१) बमोजिम मुसिकोट नगरपालिका नगरसभाले बनाएको देहाय बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**मुसिकोट नगरपालिकाको शिक्षा ऐन,२०७४ को तेश्रो संसोधन २०८०**

## प्रस्तावना

मुसिकोट नगरपालिकाको शिक्षा ऐन २०७४(यस पछि मूल ऐन भनी नामाकरण गरिएको)लाई संशोधन गर्न वान्छनीय भएकोले मुसिकोट नगरपालिकाको नगर सभाले मुसिकोट नगरपालिकाको शिक्षा ऐन २०७४ लाई देहाय वमोजिम थप गरेको छ ।

१.संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "मुसिकोट नगरपालिकाको शिक्षा ऐन (तेस्रो संसोधन) २०८० " रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

२ मूल ऐनको दफा १५ को उपदफा १,२ र ३ लाई संशोधन गरिएको :

(१)विद्यालय तह घटुवा,समायोजन र दरबन्दी मिलान सम्बन्धी व्यवस्था

(क)हाल सञ्चालनमा रहेका प्राथमिक तह सञ्चालित विद्यालयहरु बिचको दुरी २.५ कि.मी. भन्दा बढी भएमा विद्यालय समायोजन गरिने छैन ।

(ख)कक्षा ३ सम्म सञ्चालित विद्यालयहरुमा कूल विद्यार्थी संख्या १५ भन्दा कम भएमा नगर शिक्षा समितिको सिफारिसमा उक्त विद्यालयलाई कक्षा घटुवा वा नजिकैको विद्यालयमा समायोजन गर्न सकिने छ।

(ग) कक्षा ५ सम्म सञ्चालित विद्यालयहरुमा कूल विद्यार्थी संख्या ३० भन्दा कम भएमा नगर शिक्षा समितिको सिफारिसमा उक्त विद्यालयलाई तह/कक्षा घटुवा वा नजिकैको विद्यालयमा समायोजन गर्न सकिने छ।

(घ) कक्षा ८ सम्म सञ्चालित विद्यालयहरुमा कूल विद्यार्थी संख्या ५६ भन्दा कम भएमा नगर शिक्षा समितिको सिफारिसमा उक्त

मुसिकोट राजपत्र

विद्यालयलाई कक्षा घटुवा वा नजिकैको विद्यालयमा समायोजन गर्न सकिने छ।

(ङ) कक्षा १० सम्म सञ्चालित विद्यालयहरुमा कुल विद्यार्थी संख्या ७६ भन्दा कम भएमा नगर शिक्षा समितिको सिफारिसमा उक्त विद्यालयलाई तह/कक्षा घटुवा वा नजिकैको विद्यालयमा समायोजन गर्न सकिने छ।

(२)विद्यालय समायोजन गर्दा समुदायको आवश्यकता अनुसार प्रारम्भिक बालशिक्षा केन्द्र शिक्षालाई निरन्तर गर्न सकिने छ।

(३)विद्यालय तह घटुवा वा समायोजनका सम्बन्धमा उपदफा १ को "क,ख,ग,घ र ङ" मा जुनसुकै व्यवस्था रहेता पनि जटिल भौगोलिक अवस्थाका कारण बालबालिकाहरु शिक्षावाट वञ्चित हुने अवस्था रहेमा विद्यालय समायोजन गर्ने अनिवार्यता रहने छैन।

३. मुल ऐनको दफा ५९ मा उपदफा (ख) थप गरिएकोः

५९,(ख) यस नगरपालिका अन्तर्गत बिभिन्न सरकारी संघ,संस्था तथा विद्यालयहरुमा कार्यरत र सरकारी सेवा सुविधा लिने जनप्रतिनिधि,शिक्षक र कर्मचारीहरुले आफ्ना छोराछोरीहरुलाई सरकारी लगानी भएका विद्यालयहरुमा अध्ययन गराउनु पर्नेछ।

प्रमाणिकरण मिति २०८०।३।३१

आज्ञाले,

विनोद कुँवर

प्रमुख प्रशासकीय अधिकृत

मूल्यरू १०

मुसिकोट राजपत्र